नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाँचथर, फिदिम

पत्र सख्या -: २०७७/०७८

चलानी नं. १४६०

मिति २०७८।०२।१३

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय पाँचथर, फिदिम

बिषयः DCCMC बैठकको निर्णय पठाईएको सम्बन्धमा।

श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरबार काठमाडौं।

उपर्युक्त सम्बन्धमा पाँचथर जिल्लाका प्रमुख जिल्ला अधिरकारी एवं जिल्ला COVID-19 Crisis Management Center (DCCMC) का अध्यक्ष श्री पुण्य प्रसाद ढकालको अध्यक्षतामा मिति २०७८।०२।१३ गते बसेको Distirict COVID - 19 Crisis Management Center (DCCMC) को बैठकको निर्णय यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेश अनुसार अनुरोध छ।

२०७८-०२-१३

धनञ्जय कुमार शाह
सहायक प्रमुख जिल्ला अधिकारी

**बोधार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं।
श्री नेपाल सरकार, कोभिड १९ संकट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी, काठमाण्डौं।
श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश नं. १, विराटनगर, मोरङ।
श्री रणशेर गण, पाँचथर।
श्री जिल्ला प्रहरी कार्यालय, पाँचथर।
श्री सशस्त्र प्रहरी वल नेपाल, नं. २ गुल्म हे.क्वा.
श्री राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर।
श्री जिल्ला समन्वय समितिको, कार्यालय पाँचथर।
श्री स्वास्थ्य कार्यालय, पाँचथर।
श्री जिल्ला अस्पताल, पाँचथर।
श्री फिदिम नगरकार्यपालिकाको कार्यालय, पाँचथर।

फोन नं. ०२४ – ५२२०८८/ ५२२२५० फ्याक्स नं. ०२४ – ५२२१३३ **Email: dpanchthar@gmail.com**
**Website:** daopanchthar.moha.gov.np

आज मिति २०७८।०२।१३ गते जिल्ला प्रशासन कार्यालय, पाँचथरका प्रमुख जिल्ला अधिकारी एवं District COVID-19 Crisis Management Center का अध्यक्ष श्री पुण्य प्रसाद ढकालको अध्यक्षतामा बैठक बसी देहाय बमोजिमको उपस्थितिमा तपशिल बमोजिम निर्णय गरियो।

**उपस्थिति:-**

| | | | |
|---|---|---|---|
| सल्लाहकार | समन्वय प्रमुख | विष्नु प्रसाद सापकोटा | जिल्ला समन्वय समिति, पाँचथर |
| सल्लाहकार | प्रमुख | ओनाहाङ नेम्बाङ | फिदिम न.पा. पाँचथर |
| अध्यक्ष | प्र.जि.अ. | पुण्य प्रसाद ढकाल | जिल्ला प्रशासन कार्यालय, पाँचथर |
| सदस्य | प्र.प्र.अ. | अम्बिका प्रसाद अधिकारी | फिदिम नगरपालिका, पाँचथर |
| सदस्य | नि.जि.स.अ. | केशव प्रसाद अर्याल | जिल्ला समन्वय समिति, पाँचथर |
| सदस्य | सेनानी | उमेश पुरी | रणशेर गण, पाँचथर |
| सदस्य | सशस्त्र प्रहरी नायब उपरीक्षक | किशोर कुमार श्रेष्ठ | स.प्र.बल. नेपाल, नं. २ गुल्म हे. क्वा. |
| सदस्य | प्रमुख अनुसन्धान अधिकृत | रमेश अधिकारी | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय |
| सदस्य | प्रहरी निरीक्षक | सागर श्रेष्ठ | जिल्ला प्रहरी कार्यालय, पाँचथर |
| सदस्य | प्रमुख | डा. बुद्धी बहादुर थापा | जिल्ला अस्पताल, पाँचथर |
| सदस्य | नि. प्रमुख | नारद सुबेदी | स्वास्थ्य कार्यालय, पाँचथर |
| सदस्य | स.प्र.जि.अ. | धनञ्जय कुमार शाह | जिल्ला प्रशासन कार्यालय, पाँचथर |

**आमन्त्रित**

| | | |
|---|---|---|
| अध्यक्ष | दिपक नेपाल | अध्यक्ष उद्योग वाणिज्य संघ |
| सभापति | कृष्ण बाँस्कोटा | रेडक्रस सोसाइटी जिल्ला शाखा |
| हेल्थ असिस्टेन | सोम दंगाल | जिल्ला अस्पताल, पाँचथर |

## DCCMC को मिति २०७८।०२।१३ गतेका निर्णयहरु

**निर्णय नं.१**

यस भन्दा पहिला बसेको District Covid-19 Crisis Management Center (DCCMC) को बैठकहरुको निर्णय तथा जारी निषेधाज्ञाको समिक्षा गरियो। कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वयन गर्ने तथा निषेधाज्ञाको सम्बन्धमा उठेका विषयहरुको कार्यान्वयन गर्ने।

**निर्णय नं.२**

गृह मन्त्रालयको च.नं. ३२७०, मिति २०७८।०२।०६ गतेको पत्रानुसार कोरोनाबाट मृत्यु भएका व्यक्तिहरुको हकमा शव व्यवस्थापन खर्च सम्बन्धमा आफ्नो धर्म, सँस्कृति र परम्परा अनुसार सम्बन्धित परिवारको तर्फबाट समेत शव व्यवस्थापनका कार्य भइरहेको भएतापनि कतिपय जिल्लाहरुले शव व्यवस्थापनको खर्च सम्बन्धित व्यक्तिबाट

असुल गरेको भन्ने समाचार प्रकाशित भएको सन्दर्भमा शव व्यवस्थापन खर्च नेपाल सरकारले नै व्यहोर्ने नीति रहेकोले सम्बन्धित व्यक्तिबाट यस्तो खर्च नलिई नेपाल सरकारबाट निकासा नहुन्जेल प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संघ संस्थासँग आवश्यक समन्वय गरी शव व्यवस्थापन लगायत अन्य आवश्यक व्यवस्था जिल्ला स्थित सबै स्थानीय तहहरुले मिलाउने ।

**निर्णय नं.३**

कोभिड १९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को सम्बन्धमा छलफल गरियो । सोही अध्यादेशको दफा ५ बमोजिम प्रमुख जिल्ला अधिकारी पुण्य प्रसाद ढकाल ज्यूलाई COVID 19 को प्रतिकार्य अधिकारी मुकरर गरिएको जानकारी प्राप्त भयो र उक्त अध्यादेशमा भएका व्यवस्थाहरु सम्बन्धित निकायहरुले कार्यान्वयन गर्ने गराउने ।

**निर्णय नं.४**

जिल्ला प्रशासन कार्यालय, तेह्रथुमले आफ्नो जिल्ला कोभिड १९ को संक्रमण व्यापक रुपमा फैलिएको कारण २० थान अक्सिजन ग्यास माग गरेकोमा हालको अवस्थालाई मध्यनजर गरी १० थान अक्सिजन सिलिण्डर ग्यास उपलब्ध गराउने र जिल्ला प्रशासन कार्यालय, इलामको अनुरोधमा इलाम जिल्लामा संक्रमण व्यापक रुपमा फैलरहेको अवस्थालाई मध्यनजर गरी यस जिल्लामा मौज्दात रहेको सिलिण्डर ग्यास मध्ये जम्मा १५ (पन्ध्र) थान उपलब्ध गराउने निर्णय अनुमोदन गरियो ।